**मिति २०७४/०५/२६ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू**

१· प्रस्ताव नं १ मा छलफल गर्दा ढोरचौर गाउँपालिकाले करारमा इन्जिनियर, सव इन्जिनियर र पशुसेवाको ना. प. स्वा. प्रा. कर्मचारी भर्ना गर्न विज्ञापन भइसकेकोले सोको संचालन गर्न तपसिलको पदपुर्ति समिति गठन गर्ने सर्वसम्मतले निर्णय गरियो।

तपसिल

अध्यक्ष वा अध्यक्षले तोकेको ब्यक्ति — संयोजक
सम्बन्धित क्षेत्रको विषय विज्ञ —सदस्य
कार्यकारी अधिकृत —सदस्य सचिव

२· प्रस्ताव नं २ मा छलफल गर्दा ढोरचौर गाउँपालिको गाउँसभाबाट आव २०७४/७५ स्वीकृत योजनाहरुको सम्मन्न भएपछि योजनाहरुको नियमित मर्मत संभार गर्नुपर्ने भएकोले मर्मत संभार कोष स्थापना गरी प्रत्येक योजनामा विनियोजित रकमबाट १% रकम कटौती गरी उक्त कोषमा जम्मा गर्ने सर्वसम्मतले निर्णय गरियो।

३· प्रस्ताव नं ३ मा छलफल गर्दा मिति २०७४/०४/२७ कार्यपालिकाको निर्णय नं. ४ लाई संसोधन गर्दै आ.व. २०७४/७५ स्वीकृत योजनाहरुको ४% (चार प्रतिसत) कटेन्जेन्सी रकम कट्टा गर्ने सर्वसम्मतले निर्णय गरियो।

४· प्रस्ताव नं ४ मा छलफल गर्दा गाउँपालिकालाई निशुल्क जग्गा प्रदान गर्ने जग्गादाताहरुलाई ढोरचौर गाउँ कार्यपालिकाले विशेष धन्यबाद दिदै तपसिलका कित्ताका जग्गाहरु यस गाउँपालिकाको नाममा रजिस्ट्रेसन पास गर्ने सर्वसम्मतले निर्णय गरियो।

तपसिल

| सि. नं. | जग्गादाताको नाम | ठेगाना | कित्ता नं. |
|---|---|---|---|
| १ | आइते बोहरा | ढोरचौर गा.पा. ३ | १६४६,१६४७, १६५४ |
| २ | लिला थापा | ढोरचौर गा.पा. ३ | ४१९, १२०२ |
| ३ | इन्द्र बहादुर थापा | ढोरचौर गा.पा. ३ | ४२० |
| ४ | बिमला थापा | ढोरचौर गा.पा. ३ | ४१८ |

५· प्रस्ताव नं ५ मा छलफल गर्दा यस गाउँपालिका अन्तरगत स्वास्थ्य चौकी सिद्धेश्वरीमा जिल्ला करारमा निरन्तर काम गर्दै आएकी अ.न.मी श्री शर्मिला रोकाको मासिक रु १५००० (पन्ध्र हजार

मात्र) तलब खाने गरि र स्वास्थ्य चौकी बाँझकाडामा जिल्ला करारमा निरन्तर रुपमा कामकाज गर्दै आएका कार्यालय सहयोगी श्री मोतीलाल बुढाथोकीको मासिक तलब रु १३००० (तेह्र हजार मात्र) तलब खाने गरि र अन्य सुविधा श्री सामान्य प्रशासन मन्त्रालयको प. सं. १८—२०७३/०७४ च.न. २१७ मिति २०७४/०१/२५ को पत्र अनुसार हुनेगरि करार म्याद २०७४ साल असार मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो।

६. प्रस्ताव नं ६ मा छलफल गर्दा एफ. एम. रेडियो (ब्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ मा छलफल गर्दा यस गाउँपालिकामा संचालित योजनाहरुको वडा समिति/ गाउँपालिका अन्तरगतको अनुगमन समितिले कम्तिमा तिन पटक अनुगमन गर्ने  सर्वसम्मतले निर्णय गरियो।